

# कालाजार रोग



नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
२०८०/८१

# कालाजार रोगको परिचय

कालाजार रोग भुसुना (Sand Fly) को टोकाइका कारण सर्ने किटजन्य सरूवा रोग हो । कालाजार रोग सार्ने भुसुनाहरू तराईको गर्मी ठाउँमा बढी पाइन्छन् तर यी भुसुनाहरू पहाडी तथा हिमाली भेगमा समेत भेटिन थालेका छन् । यो रोग जो कोहीलाई पनि लाग्न सक्छ ।




**प्रश्न**: दिइएको चित्रबाट तपाईंले के बुझ्नुहुन्छ ?


**<u>छलफलको विषयहरूः</u>**

☞ कालाजार रोग लागेको मानिस

☞ कालाजार रोग सार्ने भुसुना

# कालाजार रोगको परिचय









# कालाजार रोग कसरी सर्छ ?

- संक्रमित भुसुनाले मानिसलाई टोकेमा यो रोग सर्ने गर्दछ ।
- साँझ वा बिहानीपख घर बाहिर बसेको तथा काम गरिरहेको बेलामा शरीरको खुल्ला भागमा भुसुनाले बढी टोक्ने गर्दछ । राति सुतेको समयमा पनि भुसुनाले टोक्ने गर्दछ ।






**प्रश्न**ः दिइएको चित्रबाट तपाईंले के बुझ्नुहुन्छ ?


**छलफलको विषयहरूः**

☞ कालाजार रोग लगाउने भुसुना

☞ कालाजार रोग सर्ने तरिका–मानिस र भुसुना


# कालाजार रोग कसरी सर्छ ?





# कालाजार रोग सार्ने भुसुनाबारे जानकारी

- भुसुना लामखुट्टे भन्दा साना किरा हुन् ।
- भुसुना गोबर र माटो मिलाएर बनाएका फुसको ओसिलो भएका घर, चिरा परेका घरका भित्ताहरू, मुसाले खनेको ओसिलो माटो, मुसाको दुलो, गाई, भैसीको गोठ, दाउरा/गुइँठा राख्ने ठाउँ र फोहरमैला थुप्रिएको स्थानमा बस्छन् ।
- भुसुना साधारणतया भुई भन्दा ६ फिट माथिसम्म पाइन्छन् र भुसुना उड्न सक्दैनन्, मात्र उफ्रिन्छन् ।




**प्रश्न**: दिइएको चित्रबाट तपाईंले के बुझ्नुहुन्छ ?


**छलफलको विषय**:

☞ भुसुनाको विशेषताहरू

# कालाजार रोग सार्ने भुसुनाबारे जानकारी








# कालाजारका लक्षण तथा चिन्हहरु

- ज्वरो आउने (२ हप्ता वा सो भन्दा बढी)
- शरीरको तौल घट्ने, दुब्लाउँदै जाने
- फियो (Spleen) तथा कलेजो (Liver) सुन्निने (पेट सुन्निएको जस्तो हुने)
- शरीरमा रगतको कमी हुने (रातो रक्त कोष, सेतो रक्त कोष र प्लेटलेट कम हुने)
- यो रोग लागेपछि रोगीको अनुहार, हात खुट्टा तथा शरीरको छाला हल्का कालो हुँदै जाने
- खाना अरूची हुने, आदि ।





**प्रश्न**: दिइएको चित्रबाट तपाईंले के बुझ्नुहुन्छ ?

**छलफलको विषय**:


☞ कालाजार रोगको लक्षणहरू के के हुन् ?

# कालाजारका लक्षण तथा चिन्हहरु



# कालाजारको निदान/पहिचान

- कालाजार रोगको शङ्का लागेमा प्राथमिक स्वास्थ्य केन्द्र वा अस्पतालमा गई स्वास्थ्य परीक्षण गर्नु पर्दछ ।
- कालाजार रोगको जाँच प्राथमिक स्वास्थ्य केन्द्र वा अस्पतालहरूमा रगतको परीक्षण पश्चात तुरून्त पत्ता लगाउन सकिन्छ ।
- कालाजार रोगको परीक्षण प्राथमिक स्वास्थ्य केन्द्र वा सरकारी अस्पतालहरूमा नि:शुल्क उपलब्ध छ ।






**प्रश्न**: दिइएको चित्रबाट तपाईंले के बुझ्नुहुन्छ ?

**छलफलको विषय**:

☞ कालाजार रोगको निदान/पहिचान कहाँ कहाँ हुन्छ ?

# कालाजारको निदान/पहिचान










# कालाजार रोगको उपचार

- कालाजारको उपचार एकदम प्रभावकारी छ । सामान्यतया एक दिनको उपचारमा नै यो रोगलाई निको पार्न सकिन्छ ।
- कालाजार रोगको निदान (पहिचान) सेवा प्राथमिक स्वास्थ्य केन्द्रसम्म र उपचार सेवा तोकिएका अस्पतालहरूमा निःशुल्क उपलब्ध छ ।
- कालाजारको प्रत्येक बिरामीले तोकिएका अस्पतालहरूमा गई उपचार गराएमा सरकारले यातायात खर्च बापत रू.२,०००।– रूपैयाँ उपलब्ध गराउँछ ।
- कालाजार उपचार नगरेका बिरामीले अरूलाई पनि यो रोग भुसुना मार्फत सार्न सक्दछन् ।





**प्रश्न**: दिइएको चित्रबाट तपाईंले के बुझ्नुहुन्छ ?

**छलफलको विषयहरू**:

☞ कालाजार रोगको उपचार कहाँ हुन्छ ?


☞ सरकारबाट कालाजारको उपचारका लागि के के सुबिधा उपलब्ध गराईएको छ ?

# कालाजार रोगको उपचार



# कालाजार रोगको रोकथाम

- घर वरिपरि भुसुनाले फुल पार्न सक्ने ठाउँहरू सफा गर्नुपर्छ ।
- घर-कटेराका चर्केका भित्ताहरू टालिने गरी लिपपोत गर्नुपर्छ ।
- भुसुनाको टोकाइबाट बच्न पूरा शरीर ढाक्ने लुगा लगाउनु पर्छ ।
- भुसुनाको टोकाइबाट बच्न सधैँ झुल लगाएर खाटमा सुत्नु पर्छ ।
- भुसुनाको प्रकोप ज्यादै भएमा घर भित्र विषादी छर्किनु पर्छ र विषादीको लागि नजिकको स्वास्थ्य चौकी वा जिल्ला जनस्वास्थ्य कार्यालयमा सम्पर्क राख्नु पर्छ ।
- कीटनाशक विषादी छर्केको ठाउँमा ३ महिना सम्म लिपपोत गर्नु हुँदैन ।




**प्रश्न**: दिइएको चित्रबाट तपाईंले के बुझ्नुहुन्छ ?

**छलफलको विषयहरू**:

☞ भुसुनाको बासस्थान

☞ भुसुनाको टोकाइबाट बच्ने तरिकाहरू


# कालाजार रोगको रोकथाम



# छालाको कालाजार (पि.के.डि.एल.) रोगीको पहिचान

- कहिलेकाहीँ कालाजार छालामा पनि हुन सक्छ । यदि छालामा नचिलाउने, नदुख्ने स–साना सेतो दाग (दुबी जस्तो), स–साना फोका, पाप्रा वा गिर्खा देखिएमा छालाको कालाजार रोग भएको हुनसक्छ ।

- छालाको कालाजार भएको बिरामीले अन्य मानिसहरूलाई धेरै छिटो कालाजार रोग सार्ने भएकाले यसको तुरून्त उपचार गर्नुपर्छ ।





**प्रश्न**: दिइएको चित्रबाट तपाईंले के बुझ्नुहुन्छ ?

**<u>छलफलको विषय</u>**:

☞ पि.के.डि.एल.को लक्षणहरू

# छालाको कालाजार (पि.के.डि.एल.) रोगीको पहिचान



# कस्ता व्यक्ति बढी जोखिममा हुन्छन् ?

कालाजार रोग जो कोहीलाई पनि लाग्न सक्छ तर तलका समूहलाई यो रोग बढी देखिने गरेको छः

- बालबालिका (पाँच वर्ष भन्दा मुनि)
- कुपोषित व्यक्तिहरू
- माटोको घर/कच्ची घरमा बस्ने व्यक्तिहरू
- घरको नजिक गोठ/खोर भएका परिवार
- अन्य शरीर कमजोर बनाउने रोग जस्तै क्षयरोग, एच.आइ.भी. संक्रमित व्यक्तिहरू
- रोग प्रतिरोधात्मक क्षमता कमजोर भएका व्यक्तिहरू ।




**प्रश्न**: दिइएको चित्रबाट तपाईंले के बुझ्नुहुन्छ ?


**छलफलको विषय**:

☞ बढी जोखिममा रहेका व्यक्तिहरू

# कस्ता व्यक्ति बढी जोखिममा हुन्छन् ?



# कालाजारको बारेमा सबैले जान्नै पर्ने कुराहरु



कालाजार कडाखालको सरूवा रोग हो ।




कालाजारको उपचार निःशुल्क हुन्छ ।

**कालाजारको उपचार समयमा नगरे ज्यानै जान सक्छ ।**

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा संचार केन्द्र
२०८०/८१

info@nheicc.gov.np www.nheicc.gov.np www.youtube.com/c/nheicc-nepal www.facebook.com/nheicc.nepal